STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क २१३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन ३१ गते आइतबार ❑ 15 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## कांग्रेस महाधिवेशन मंसिर ९ देखि १३ गतेसम्म

रासस
काठमाडौं, ३० साउन

नेपाली कांग्रेसको १४औँ महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म हुने भएको छ।

कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको बूढानीलकण्ठस्थित निजी निवासमा शनिवार सम्पन्न पार्टी केन्द्रीय कार्यसमिति बैठकले सर्वसम्मतरुपमा महाधिवेशनको नयाँ मिति तोक्ने निर्णय गरेको केन्द्रीय सदस्य रामकृष्ण यादवले जानकारी दिए।

तीन दिनसम्म चलेको बैठकले यसअघि निर्धारित मिति (आगामी भदौ १६ देखि १९ गतेसम्म) मा महाधिवेशन हुन नसक्ने देखिएपछि महाधिवेशनको नयाँ मिति तोकेको हो । केन्द्रीय सदस्य यादवका अनुसार भदौ २ गतेसम्म क्रियाशील सदस्यताको अन्तिम नामावली तय गरी भदौ ३ गते केन्द्रीय सभापतिलाई बुझाउने र भदौ ४ गते क्रियाशील सदस्यताको विवरण सार्वजनिक गर्ने बैठकले निर्णय गरेको छ।

यसैगरी गाउँ/नगर वडा अधिवेशन भदौ १८, गाउँ/नगर अधिवेशन भदौ २७, प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्रप्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० र प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्मका लागि तोकिएको छ।

क्रियाशील सदस्यतामा देखिएको विवादका कारण भदौको महाधिवेशन कार्यतालिका प्रभावित भएपछि अर्को मिति कहिले तोक्ने भन्नेमा कांग्रेसमा संस्थापन र रामचन्द्र पौडेलबीच विवाद भएको थियो। पार्टी विधान र संविधानअनुसार महाधिवेशन गर्नुपर्ने समय कांग्रेसले गुजारिसकेको छ।

## दुई हजार ६२४ मा संक्रमित, २० को मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन

वितेका २४ घण्टामा थप दुई हजार ६२४ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार सो अवधिमा गरिएको १३ हजार ५७३ परीक्षणमा सो सङ्क्रमण पुष्टि भएको हो।

हालसम्म गरिएको पिसीआर परीक्षणमा सङ्क्रमितको सङ्ख्या सात लाख ३० हजार ४७९ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ६४ हजार ६११ रहेको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी प्रदेशमा मुख्यमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता गर्ने तयारी मन्त्री थापा

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन



गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापाले गण्डकीमा मुख्यमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना गर्ने बताएका छन्।

नेपाल लोकतान्त्रिक खेलकुद संघ गण्डकीले शनिबार पोखरा रंगशालामा आयोजना गरेको वृक्षारोपण कार्यक्रममा बोल्दै मन्त्री थापाले अबको केही समय पछि गण्डकीमा मुख्यमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता आयोजना गर्ने बताएका हुन्। खेलाडी मैत्री कानुन बनाउने बताएका मन्त्री थापाले खेल क्षेत्रमा व्याप्त विकृति न्यूनीकरणका लागि कानुन आवश्यक रहेको बताए। उनले हालसालै जापानमा भएको ओलम्पिक खेलकुदमा ५ जना खेलाडीका पछाडि २५ प्रशिक्षक बनेर जाँदा खेलाडीको सम्मान नभएको टिप्पणी गरे।

नेपाल लोकतान्त्रिक खेलकुद संघका केन्द्रीय अध्यक्ष देवेन्द्रकुमार शेरचनले खेल क्षेत्रभित्रको विकृति विसंगतिविरुद्ध लोकतान्त्रिक खेलकुद कडारुपमा प्रस्तुत हुने बताए। उनले भने खेल क्षेत्रको एकाधिकार तोडेर खेलाडीमैत्री बनाउन लाग्ने बताए।

लोकतान्त्रिक खेलकुद संघ गण्डकी अध्यक्ष हरिश्चन्द्र पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा काँग्रेसका नेता सोभियतबहादुर अधिकारी, काँग्रेस क्षेत्र नम्वर १ का सभापति बृजमान गुरुङ,पोखरा ९ का वडा अध्यक्ष रामराज लामिछाने, संघका उपाध्यक्ष विद्या मरासिनी, प्रदेशका सहसचिव हरि खनाल लगायतले बोलेका थिए। संघको स्थापना दिवसको अवसरमा रचनात्मक काम गरौ भन्ने योजना अनुसार रंगशालामा बृक्षारोपण गरेको गण्डकी अध्यक्ष पोखरेलले वताए। रंगशालालाई हरियाली बनाउदै खेलाडीहरुलाई खेलेर छहारीमा थकाई मार्न पनि वृक्षारोपणको भूमिका अहम रहेको उनको भनाई थियो।

पोखरा रंगशालामा भएको वृक्षरोपणमा विभिन्न जातका ७५ बिरुवा रोपिएको थियो। लोकतान्त्रिक खेलकुद संघ गण्डकीमा नयाँ नेतृत्व आइसकेपछिवृक्षरोपणसँगैजिल्लाका अध्यक्षहरुसँग अन्तर्क्रिया गरिएको थियो। नयाँ खेलाडी उत्पादनका लागि खेललाई जिल्लाजिल्लामा कसरी बिस्तार गर्ने भन्नेबारेमा समेत छलफल भएको थियो।

## वाम लोकतान्त्रिक गठबन्धनलाई आगामी निर्वाचनसम्म लैजाने माओवादीको प्रस्ताव

रासस
काठमाडौं, ३० साउन

नेकपा(माओवादी केन्द्र) ले वाम लोकतान्त्रिक गठबन्धनलाई आगामी निर्वाचनसम्म लैजाने प्रस्ताव गरेको छ।

शनिबारदेखि शुरु भएको केन्द्रीय समितिको बैठकमा राजनीतिक प्रस्ताव पेश गर्दै अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधानको रक्षा, प्रतिगमनविरुद्धको लडाईं, एवं मुलुकको समस्या समाधानका लागि पनि गठबन्धनको निरन्तरता अत्यावश्यक रहेकामा जोड दिनुभएको छ। अध्यक्ष दाहालले पेश गर्नुभएको प्रतिवेदनमा भनिएको छ, "अहिलेको लोकतान्त्रिक राजनीतिक प्रणाली, प्रणाली, संविधान र राष्ट्रियताको रक्षा गर्दै देशमा आर्थिक समृद्धि, स्थायित्व र सुशासन कायम गर्न निर्माण गरिएको गठबन्धनलाई यहीरूपमा बुझ्ने र आगामी निर्वाचनसम्म कम्तीमा पनि कायम राख्ने पार्टीको नीति हुनेछ।" अध्यक्ष दाहालको प्रतिवेदनमा अगाडि भनिएको छ, "प्रतिगमनका विरुद्ध सङ्घर्षकै क्रममा वाम लोकतान्त्रिक गठबन्धन निर्माण भएको छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्र र संविधानमाथि प्रहार गर्दै प्रतिगमन गर्ने प्रवृत्तिलाई गठबन्धनले पराजित गरेको छ। यसलाई नरुचाउने शक्ति गठबन्धनलाई कमजोर पार्ने र भत्काउन लागिपरेका छन्।" गठबन्धनको संयुक्त सरकारले आफ्नो साझा नीति तथा कार्यक्रमसमेत सार्वजनिक गरेको सन्दर्भ जोड्दै अध्यक्ष दाहालले राजनीतिक प्रतिवेदनमा त्यसलाई सफल कार्यान्वयन गर्न जोड दिने उल्लेख गर्नुभएको छ।

कोरोना नियन्त्रण, अर्थतन्त्रको पुनरुद्धार, जनताको जीवनस्तरमा सुधार गरी मुलुकमा सुशासन स्थापना गर्नु गठबन्धन र सरकारको प्राथमिकता रहेको रहेको प्रस्तावमा समावेश छ। सरकारलाई जनपक्षीय बनाउँदै सफल बनाउन पार्टीले आफ्नो ठाँउमा लागिपर्ने विषयलाई राजनीतिक प्रस्तावमा विशेष जोड दिइएको छ।

अध्यक्ष दाहालले एमसिसी, लिपुलेक, कालापानी र लिम्पियाधुराको प्रश्नलाई पार्टीको घोषित नीतिअनुसार कूटनीतिक संवादका माध्यमबाट हल गर्न प्रयत्न गरिने उल्लेख गर्नुभएको छ। आगामी स्थानीय तहको निर्वाचनमा पार्टीलाई विजयी गराउने र सङ्घीय एवं प्रादेशिक निर्वाचनमार्फत देशको नेतृत्वदायी शक्तिका रुपमा स्थापित गर्ने गरी सङ्गठनात्मक कार्य अगाडि बढाउनुपर्नेमा जोड दिइएको छ। नयाँ सन्दर्भमा पार्टीको विचार, राजनीतिक कार्यदिशा, सङ्गठनात्मक संरचना र विभिन्न तहको नेतृत्व निर्माणका लागि राष्ट्रिय सम्मेलनको आयोजना गर्ने अध्यक्ष दाहालले प्रस्ताव गर्नुभएको छ। नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को विरासत दक्षिणपन्थीले बोक्न नसक्ने भन्दै अध्यक्ष दाहालले आफ्नै शक्तिमा भरपर्ने क्रान्तिकारी पार्टी निर्माण गर्ने र विचार मिल्ने वामपन्थी शक्तिसँग सहकार्य, मोर्चाबन्दी र ध्रुवीकरण गर्दै नेकपाको विरासत र स्वामित्वसमेत आफ्नो पार्टीले लिने उल्लेख गर्नुभएको छ।

पार्टी निर्माणको मूल आधार लेनिनवादी सङ्गठनात्मक सिद्धान्त नै भएको ठहर गर्दै अध्यक्ष दाहालले युवा, प्रौढ र ज्येष्ठ उमेर समूहको समूचित सन्तुलन एवं सर्वहार श्रमजीवी वर्ग र उत्पीडित समुदायकाबीचबाट लाखौँ कार्यकर्ता भर्ती गर्नु आजको आवश्यकता भएको बताउनुभएको छ। अध्यक्ष दाहालले तत्कालीन नेकपा(एमाले) र आफ्नो पार्टीबीचको पार्टी एकता वस्तुगतरूपमा सही भएको ठहर गर्दै राजनीतिक प्रस्तावमा भन्नुभएको छ, "पार्टी एकता वस्तुत सही हुँदाहुँदै पनि केपी ओलीमा देखा परेका अहङ्कार, दम्भ र पदलोलुपताजस्ता कारणले नेकपा विघटन हुन पुग्यो।" विभाजित अवस्थामा रहेका सबै इमान्दार कम्युनिस्टलाई एकताबद्ध गर्दै फेरि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'विचार र सिद्धान्तका आधारमा पार्टी अघि बढ्छ'

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन



गण्डकी प्रदेशसभा सदस्य एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) कास्कीका अध्यक्ष कृष्णबहादुर थापाले पार्टी विचार र सिद्धान्तका आधारमा अघि बढ्ने बताउनुभएको छ।

नेकपा (एमाले) पोखरा-१७ वडा कमिटी कार्यालयको शनिबार डेमसाइडमा उद्घाटनसँगै पार्टी विस्तारित बैठकमा उहाँले पार्टी निर्माणमा एकताबद्ध भएर जुट्न कार्यकर्तालाई निर्देशन दिनुभयो।

निर्वाचित जनप्रतिनिधि र पार्टीबीचको सम्बन्ध पानी र माछा जस्तै हुनुपर्ने उल्लेख गर्दै उहाँले नेकपा (एमाले)ले शुरु गरेको 'सुखी नेपाली, समृद्ध नेपाल'को अभियानलाई जनताको घरघरमा पुऱ्याउनुपर्नेमा जोड दिनुभयो।

पार्टीका जिल्ला सचिव दामोदर बैरागीले निकट भविष्यमा हुने पार्टी महाधिवेशनसँगै मुलुकमा हुने तीनै तहका निर्वाचनका लागि तयारीमा जुट्न कार्यकर्तालाई आग्रह गर्नुभयो।

नेकपा (एमाले) पोखरा महानगर कमिटी अध्यक्ष दिपक पौडेलले पार्टीको आन्तरिक जीवनलाई मजबुद बनाउन प्रत्येक कार्यकर्ता उत्पादनसँग जोडिनुपर्नेमा जोड दिनुभयो। पार्टी वडा कमिटी १७ का अध्यक्ष सुभास ढुङ्गानाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

## ३७ लाख जुटाएर प्रहरीका लागि भवन

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन



पोखरा महानगरपालिका-३ नदीपुरमा अस्थायी प्रहरी पोष्टको स्थापना गरिएको छ।

करिब ४० वर्षअघि स्थापना गरिएको सो प्रहरी पोष्ट जस्तापाताले छाएको एउटा सानो कोठाबाट सञ्चालन हुँदै आएकामा नागरिक तथा सङ्घ संस्थाको आर्थिक सहयोगमा पक्की भवन निर्माण गरिएको हो।

कोठा अभावमा सेवाग्राहीलाई आफ्नै शय्यामा राखेर समेत सेवा प्रवाह गर्नुपर्ने अवस्था विगतमा रहेकामा अहिले पक्की भवन बनेपछि प्रहरीलाई सहज भएको अस्थायी प्रहरी पोष्टका प्रमुख एवं प्रहरी हवल्दार गौतम श्रेष्ठले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "पाँचजना प्रहरी कर्मचारी सुत्ने, सेवाग्राहीलाई सेवा दिनेसमेत एउटै कोठाबाट गर्नुपर्ने बाध्यता थियो। कानुन विपरीतका गतिविधि गर्नेलाई नियन्त्रणमा लिए पनि राख्ने कोठा थिएन। सडक र चौतारामा राखेर सोधपुछ गर्नुपर्ने अवस्थामा अहिले भवन बनेपछि प्रहरीसहित सेवाग्राहीलाई पनि सुविधा भएको छ।" हाल निर्माण गरिएको भवनमा तल्लो र माथिल्लो तलामा गरी छ कोठा छन्।

कार्यालय प्रमुख, अन्य प्रहरी कर्मचारी तथा सेवाग्राहीका लागि छुट्टाछुट्टै कोठा रहेको श्रेष्ठले बताउनुभयो। गत फागुनदेखि अस्थायी प्रहरी पोष्टको भवन निर्माण सुरु गरिएको थियो। वडावासी नागरिक तथा सङ्घसंस्थाबाट रु ३७ लाख सहयोग रकम सङ्कलन गरिएको र रु ३४ लाखमा बिट निर्माण गरिएको निर्माण समितिका सचिव सनकमान सिकेले बताउनुभयो।

बचत रकम रु तीन लाखले सडकपेटीमा रेलिङ निर्माण, शिलालेख र चौतारी पुनर्निर्माणमा खर्च गरिएको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "प्रहरीका लागि निर्माण गरिएको भवन नहरको मापदण्डभित्र परे पनि अन्यत्र जमिन प्राप्त हुन नसकेको र प्रहरीले भोग्दै आएको दुःखकष्ट समाधान गर्न नयाँ भवन निर्माण गरिएको हो। सबैबाट सहयोग जुटाएर भवन निर्माण सम्पन्न गर्न पाउँदा खुशी लागेको छ।"

नवर्निमित प्रहरी पोष्टको आज सोही वडाका वडाध्यक्ष रवीन्द्रबहादुर प्रजुले शुभारम्भ गर्दै जनताको शान्तिसुरक्षा र प्रभावकारी सेवा प्रवाहका लागि सहयोग पुग्ने बताउनुभयो। अर्थ सङ्कलन समितिका संयोजक भास्करध्वज श्रेष्ठले प्रहरी भवन निर्माणका लागि वडावासीबाहेक अन्यत्रका नागरिकबाट समेत उत्साहजनक रूपमा सहयोग प्राप्त भएको बताउनुभयो।

पोखराको मुख्य बजार महेन्द्रपुलदेखि उत्तर लामाचौर जाने सडक खण्डमा रहेको सो प्रहरी पोष्टले वडामा शान्तिसुरक्षा कायम गर्नाका साथै दुर्घटना न्यूनीकरणका लागिसमेत कार्य गर्दै आएको छ।



# पर्वतारोहीलाई पुनर्ताजगी तालिम

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन

पर्वतारोही तथा चट्टान आरोहीलाई नेपाल पर्वतारोहण सङ्घ (एनएमए) गण्डकी प्रदेश समितिले शुक्रबार पुनर्ताजगी तालिम प्रदान गरेको छ। पोखराको खहरेमा रहेको विस स्पोर्ट्स इन्डोर हबमा दुई दिनसम्म 'बोल्डरिङ' तथा 'वाल क्लाइम्बिङ' तालिम भएको हो।

तालिममा सहभागीलाई अन्तर्राष्ट्रिय मान्यता प्राप्त माउन्टेन गाइड प्रशिक्षक प्रेम गुरुङ र सहायक प्रशिक्षक राम गुरुङले अप्ठ्यारा पहाड, खोच र हिमालमा अपनाउनुपर्ने सुरक्षा सतर्कताका बारेमा तालिम प्रदान गर्नुभएको थियो। तालिमस्थलमा रहेको कृत्रिम पर्खालमा डोरी बिना चढ्ने, डोरीको सहायताबाट झर्ने, आरोहणका क्रममा अप्ठ्यारोमा फसेकाको उद्धार गर्नेलगायतका विधिबारे सिकाइएको थियो। बिहीबार र शुक्रबार भएको तालिममा गत माघमा मुस्ताङको धम्पुस पिक (६,०१२ मि) आरोहण गरेका र तनहुँको विमलनगरमा रक क्लाइबिङमा भाग लिएका गरी १५ जनाको सहभागिता रहेको थियो। सहभागीलाई प्रमाणपत्र वितरण गर्दै पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले पर्यटकलाई सुरक्षित महसुस गराउन र पर्वतारोही स्वयंको सुरक्षामा तालिम लाभदायी हुने बताउनुभयो। एनएमए गण्डकी प्रदेशका अध्यक्ष शेषकान्त शर्माले सैद्धान्तिक मात्र नभई व्यावहारिकरुपमा समेत सीपयुक्त बनाउन तालिम आयोजना गरेको बताउनुभयो। उहाँले अन्तर ष्ट्रिय पर्वतीय सङ्ग्रहालयभित्रै कृत्रिम पर्खाल बनाएर व्यवस्थित बनाए पर्वतारोहणको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न सकिने बताउनुभयो। उहाँले भन्नुभयो, "गण्डकी प्रदेशका हिमाल आरोहण प्याकेज अहिले काठमाडौंले बेचिरहेको छ, पोखरामै तालिम केन्द्र बन्न सके यहीको व्यवसायी, गाइड र मजदूरले लाभ लिन सक्छन्।" तालिम संयोजक कृपाकुमार गुरुङले प्रवर्द्धनात्मक हिमाल आरोहणमा सहभागी हुनेलाई तालिम फलदायी हुने बताउनुभयो।

# पोउवा संघको पहलमा उद्योगी/व्यवसायीलाई खोप

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन

पोखरा उद्योग वाणिज्य संघको पहलमा सदस्य उद्योगी/व्यवसायी तथा सदस्य प्रतिष्ठानमा कार्यरत कर्मचारीले कोभिड-१९ विरुद्धको खोप पाएका छन्।

शनिबार पोखरा उद्योग वाणिज्य संघको सचिवालयमा नै १४ सयजनालाई कोभिडविरुद्धको भेरोसेल खोप उपलब्ध गराइएको हो। पोखरा उद्योग वाणिज्य संघले लामो समयदेखि अत्यावश्यक सामानको बिक्री वितरण गर्ने,औद्योगिक क्षेत्र तथा पर्यटन उद्योगसँग आवद्ध मजदुर तथा उद्योगी/व्यवसायीहरुलाई खोप उपलब्ध गराउनुपर्ने माग राख्दै आएको थियो। 'दैनिक सयौं उपभोक्तालाई आवश्यक पर्ने सामानहरु उपलब्ध गराउँदै आएका हाम्रा व्यावसायिक प्रतिष्ठानहरु कोभिड फैलाउने केन्द्र नबनून भन्नेतर्फ हामीले पटक-पटक सरोकारवालाको ध्यानाकर्षण गराएका थियौं', खोप कार्यक्रम सफलतापूर्वकसम्पन्नभएसँगैपोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले भने,'अहिले थोरैले भएपनि खोप पाउनु भएको छ, हामी उद्योगी/व्यवसायीलाई खोप उपलब्ध गराउने निकायहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छौं।' अध्यक्ष कोइरालाका अनुसार खोपको सुनिश्चितताको लागि संघले गण्डकी प्रदेश सरकार, स्वास्थ्य निर्देशनालय गण्डकी, जिल्ला प्रशासन कार्यालय कास्कीसहित संघीय सरकारका स्वास्थ्य राज्यमन्त्री उमेश श्रेष्ठलाई पनि गुहारेको थियो। संघका पूर्वअध्यक्ष तथा गण्डकीका कानून, संचार तथा प्रदेश मामिलामन्त्री विन्दुकुमार थापासहित संघका अध्यक्ष नारायण कोइराला,



वाणिज्य तर्फका उपाध्यक्ष तथा खोप व्यवस्थापन उपसमिति संयोजक अर्जुन पोखरेल, पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपी भट्टराई,विन्ध्यावासिनी धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष गणेशबहादुर श्रेष्ठलगायतको प्रतिनिधिमण्डलले स्वास्थ्य राज्यमन्त्रीलाई नै भेटेर खोपको माग गरिएको थियो।

अत्यावश्यक सामग्रीको उत्पादन गर्ने औद्योगिक क्षेत्र तथा पर्यटनसँग आवद्ध कर्मचारीले खोप पाउनु सुखद भएको उनले बताए। 'गण्डकीका माननीय मन्त्री विन्दुकुमार थापासहित पोखरा उद्योग वाणिज्य संघले गरेको आग्रहमा स्वास्थ्य राज्यमन्त्री सकारात्मक हुनुभयो, उहाँसँगको समन्वयमा प्रदेश सरकार,जिल्ला कोभिड व्यवस्थापन समिति, प्रदेश स्वास्थ्य निर्देशनालय,पोखरा महानगरको स्वास्थ्य महाशाखा, सबैको सदासयताले यहाँका उद्योगी/व्यवसायीले खोप पाएका हुन्', अध्यक्ष कोइरालाले भने,' हालसम्म गण्डकीका ६ हजार ७ सय व्यवसायीले खोप पाउनु खुसीको कुरा हो।' अध्यक्ष कोइरालाका अनुसार पोखरा उद्योग वाणिज्य संघले १हजार ४ सय, पोखरा पर्यटन परिषदको समन्वयमा २ हजार ५ सय,पोखरा औद्योगिक क्षेत्रमा १ हजार,लेखनाथ उद्योग वाणिज्य संघमा ९ सय तथा पोखरा चेम्बर अफ कमर्ससँग आवद्ध ९ सय व्यवसायीले खोप पाएका छन्। उनले आउँदा दिनमा थप व्यवसायीहरुलाई खोप उपलब्ध गराउन निरन्तर लागिरहने प्रतिवद्धजना पनि जनाए।

संघका उद्योगतर्फका उपाध्यक्ष तथा खोप व्यवस्थापन उपसमितिका संयोजक अर्जुन पोखरेलका अनुसार यसअघि नै उमेर समूहअन्तर्गत केही व्यवसायीहरुले खोप लगाइसकेका छन् भने प्रतिष्ठानमा अग्रमोर्चामा रहने कर्मचारीले पनि खोप पाएसँगै व्यावसायिक क्षेत्र केही ढुक्क हुने अवस्था सिर्जना भएको छ। उनले खोप अभियानलाई सफलतापूर्वक सम्पन्न गराउने सबैलाई धन्यवाद दिँदै सुरक्षित रहन र स्वास्थ्य मापदण्ड पालना गर्न आग्रह पनि गरे। संघका महासचिव सुरेन्द्रमान विजुक्छेका अनुसार संघको सचिवालयमा संचालित खोप कार्यक्रमको गण्डकी प्रदेशका कानून, संचार तथा प्रदेश सभा मामिलामन्त्री विन्दुकुमार थापा तथा पर्यटन,उद्योग तथा आपूर्ति मन्त्री मणिभद्र शर्मासहित कास्कीका प्रमुख जिल्ला अधिकारी थानेश्वर गौतम तथा सहायक प्रमुख जिल्ला अधिकारी अनिलकुमार शाहीले पनि निरीक्षण गरेका थिए।

पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाको नेतृत्वमा काठमाडौंसम्म पुगेर खोपको माग गरिएको स्मरण गर्दै खोप अभियानले आन्तरिक पर्यटन प्रवर्द्धनमा सघाउने धारणा राखे।

# गाउँपालिकाका सबै नागरिकलाई निःशुल्क स्वास्थ्य बीमा

पोखरापत्र संवाददाता
वालिङ, ३० साउन

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले नागरिकलाई निःशुल्क स्वास्थ्य बीमा गरिदिन शुरु गरेको छ।

गाउँपालिकाको गत असारमा सम्पन्न नवौं गाउँसभाले 'समृद्ध गाउँपालिका-सुखी नागरिक' अभियानअन्तर्गत गाउँपालिकाका सबै नागरिकलाई स्वास्थ्य बीमामा जोड्ने निर्णय गरेसँगै कार्यान्वयनतर्फ लागिएको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताउनुभयो। "शुरुआतमा दलित, विपन्न, एकल महिला, अल्पसङ्ख्यकलाई प्राथमिकता दिएर क्रमशः सबै नागरिकलाई निशुल्क स्वास्थ्य बीमामा समेटेका छौं", अध्यक्ष थापाले भन्नुभयो, "गाउँसभाबाट नीति तथा कार्यक्रम पारित भएसँगै रु एक करोड ५० लाख विनियोजन गरिएको छ।"

गाउँपालिकाभित्रका कोही पनि नागरिकलाई स्वास्थ्यको पहुँचबाट वञ्चित हुन नपरोस् भन्ने र समय-समयमा स्वास्थ्य परीक्षण गर्न तथा बिरामी पर्दा सहजरुपमा उपचार गर्न सकुन् भन्ने गाउँपालिकाको मुख्य उद्देश्य रहेको अध्यक्ष थापाले बताउनुभयो। उक्त कार्यक्रमका लागि झण्डै रु दुई करोड लाग्ने अनुमान गाउँपालिकाको छ। रु एक करोड ५० लाख विनियोजन गरिए पनि रु ५० लाख जति रकम अभाव हुनसक्ने देखिएकाले थप गरिने अध्यक्ष थापाले बताउनुभयो। स्वास्थ्यको पहुँच सबै नागरिक कसमक्ष पुऱ्याउँदै स्वस्थ नागरिक कसहितको समृद्ध गाउँपालिका बनाउने लक्ष्य प्राप्तिका लागि यस अभियानमार्फत सहजता हुने अध्यक्ष थापाले बताउनुभयो। एउटा परिवारमा एकदेखि दश जनासम्म रहेका छन्।

गाउँपालिकाले यो अभियान कार्यान्वयनमा ल्याएसँगै हालसम्म एक हजार ५१४ घरधुरीका सात हजार बढी सङ्ख्या लाभान्वित भइसकेका स्वास्थ्य शाखाका प्रमुख खड्का थापाले बताउनुभयो। गाउँपालिकाका चार हजार ७०० घरधुरीका २२ हजार ७३५ लाई सेवा उपलब्ध गराइने भएको छ। आगामी असोज महिनासम्ममा यो अभियानलाई हरेक नागरिकसम्म पुऱ्याई सकिने शाखा प्रमुख थापाले बताउनुभयो।

## दुई हजार...

छ। आज एक हजार ३३० जना सङ्क्रमणमुक्त भएका छन्। हालसम्म छ लाख ८० हजार ८१५ सङ्क्रमणमुक्त भएका छन्। हाल ३६ हजार दुई जना होम आइसोलेशन, दुई हजार ४०३ जना संस्थागत आइसोलेशन छन्। त्यसैगरी ७६० जना आइसियू र १८६ जना भेन्टिलेटरमा उपचाररत छन्। देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या ३९ हजार ४०५ जना छ। हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या १० हजार २५९ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप २० जनाले ज्यान गुमाएका मन्त्रालयले जनाएको छ।

## वाम लोकतान्त्रिक ...

पनि एउटै कम्युनिस्ट केन्द्र निर्माण गर्ने जिम्मेवारी आएको अध्यक्ष दाहालले स्पष्ट पार्नुभएको छ।

अध्यक्ष दाहालले केन्द्रीय समितिमा प्रस्तुत गर्नुभएको राजनीतिक प्रस्तावअनुसार आगामी पुसको दोस्रो साता राष्ट्रिय सम्मेलन आयोजना गरिनेछ। पार्टीलाई अवैध भन्दै नेकपा(एमाले) प्रवेश गरेका केही नेताले निर्वाचन आयोग र सर्वोच्च अदालतमासमेत निवेदन दिएको सन्दर्भमा माओवादीले राष्ट्रिय सम्मेलन आयोजना गर्ने प्रस्ताव गरेको हो।

आगामी पुस ११ देखि १३ गतेसम्म राष्ट्रिय सम्मेलन गर्ने प्रस्ताव गरिएको छ। त्यसका लागि आगामी भदौ मसान्तभित्र पार्टी सदस्यता नवीकरण तथा वितरण अभियान चलाइनेछ। आगामी असोज १० गते सेल र टोल भेला गर्ने, २० गते वडा सम्मेलन, ३० गते पालिका सम्मेलन गर्ने र कात्तिक ३० गते जिल्ला सम्मेलन गर्ने प्रस्ताव गरिएको छ।

प्रस्तावअनुसार आगामी मङ्सिर १५ गते प्रदेश सम्मेलन आयोजना गरिनेछ। बैठकमा अध्यक्ष प्रचण्डले विधान संशोधनको प्रस्ताव पेश गर्नुभएको छ। बैठकमा अध्यक्ष दाहालले पेश गर्नुभएको राजनीतिक, विधान संशोधनलगायतका अन्य प्रस्तावमाथि छलफल गर्न विभिन्न आठ वटा समूहमा विभाजन गरिएको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिनुभयो।

आइतबार बिहान ११ बजेसम्म दुवै प्रस्तावमाथि छलफल गरेर केन्द्रीय सदस्यले आवश्यक राय सुझाव दिनुपर्नेछ। छलफलबाट प्राप्त हुने निष्कर्ष बैठकमा पेश हुने र आवश्यक संशोधनसहित पारित गर्ने कार्यसूची तय भएको प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो। बैठकका अध्यक्ष दाहालले वर्तमान राजनीतिक परिस्थितिको जानकारी गराउनुभएको थियो। उहाँले देशको परिस्थिति र पार्टीले खेलेको भूमिका र आगामी दिनमा निर्वाह गर्नुपर्ने कार्यभारका बारेमासमेत आफ्नो धारणा राख्नुभएको थियो।





## आवश्यकता

पोखरा-१४, चाउथेमा अवस्थित विद्यालयको लागि Basic Level Maths Teacher आवश्यकता परेको हुदाँ योग्य व्यक्तिले तु:सम्पर्क राख्नुहोला।

सम्पर्क:
०६१-५०१०५७
९८५६०७९१००

## घर भाडामा

भृपी मार्ग २ अर्चलबोट पोखरा बागलुङ हाई वे बाट ५० मिटर दुरीमा रहेको घर आवा स एवं सहकारी संचालनका लागि उपयुक्त भाडामा छ।




सम्पर्क नं.
९८४६१५४०७७

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्बन्धी रोग: छारसुनद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान:
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०६, ९८४६०४११३१
नोट: नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । -गीता

## सम्पादकीय

# युवा नेतृत्व बढाउने अवसर

राष्ट्र निर्माणमा युवाहरूलाई प्रभावकारी रूपमा परिचालन गरेका देशमा विकासले फड्को मारेको छ नेपालमा युवाको नेतृत्व सहज रूपमा स्विकार्न तयार हुदैनन् । राजनीतिक दलका नेताहरू भाषणमा युवाको चर्चा गर्ने व्यवहारमा बुढा नभए चल्दैन जस्तो गर्दछन । हरेक क्षेत्रमा युवा सहभागीता हुनेगर्छ । विगतमा शिक्षा, स्वास्थ्य, राजनीतिक, आर्थिक, सामाजिक अधिकार सुनिश्चित नहुँदा युवाको धैरै क्षेत्रमा पहुँच थिएन । अहिले पनि देशमा राजनीतिक परिवर्तन भए पनि युवाको समस्या जस्ताको त्यस्तै छ । देशमा विकास र समृद्धि हासिल गर्ने काममा युवालाई परिचालन गर्न अहिले युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्ले काम गरिरहेका छन् । तर, मन्त्रालय र परिषद चालु अवस्थामा भए पनि युवा बेरोजगार बनेर विदेशिने क्रमलाई रोक्न सकेको छैन ।

युवा कस्लाई मान्ने विभिन्न देशले आआफ्नै व्याख्या गरेका छन् । बंगलादेशमा १५-३० वर्ष उमेर समूहकालाई युवा भनिन्छ भने भारतमा १६-२९ वर्ष समूह र चीनमा १८ देखि ३५ वर्ष बीचलाई युवा मानिन्छ । नेपालको राष्ट्रिय युवा नीति, राष्ट्रिय युवा परिषद् ऐन २०७२ को परिभाषामा १६ देखि ४० वर्षको वर्गलाई युवा भनेर उल्लेख गरिएको छ । यो समूहले देशको करिब आधा जनसंख्याको क्षेत्र ओगटे पनि यसलाई सरकारले सदुपयोग गर्न सकेको छैन । नेपालका २२-२८ उमेर समूहका ७० प्रतिशत युवा दैनिक वैदेशिक रोजगारमा जाने गरेका छन् । तर, अन्य देशले युवालाई उचित स्थान दिएर बेरोजगारी दर घटाएको पाइन्छ । यो क्रमले ती देशको विकासमा सकारात्मक प्रभाव परेको छ ।

विकासमा युवाको परिचालन र सहभागिताका विषयहरू राष्ट्रिय युवा नीतिमा उल्लेख गरिएका छन् । उल्लेखित उद्देश्य पूरा गर्न सरकारले विभिन्न नीतिहरू पनि अख्तियार गरेको छ । नीतिमा युवालाई परिवर्तनका संवाहक र दिगो विकासका उत्प्रेरक शक्तिका रूपमा विकास गर्न राष्ट्र, राष्ट्रियता र मानवाधिकारका आधारभूत सिद्धान्त एवं मूल्यमान्यता बोध गराउने कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । सरकारले जारी गरेका नीतिहरूलाई मात्र हेरेर निष्कर्ष निकाल्ने हो । हाम्रो मुलुकमा युवाको अवस्था विकसित भनिएकाहरूको भन्दा कमजोर छैन । तर बिडम्बना उल्लेख गरिएका र बनाइएका नीतिनियम अझै कागजमै सीमित छन् । युवाले पनि आफ्ना अधिकार खोज्न सक्नुपर्छ । युवा भविष्य मात्र होइनन्, वर्तमानका साझेदार पनि हुन् । त्यसैले समृद्ध नेपालको अभियानलाई सार्थक बनाउन राज्यका सबै संयन्त्रमा युवा परिचालन गर्नेतर्फ केन्द्रित गर्नुपर्छ ।

राजनीतिक दलको केन्द्रीय समितिमा युवाको प्रतिनिधित्व हुन सकेको खण्डमा युवा परिचालनको नीति बन्न सक्छ । उनिहरुको हस्तक्षेपकारी उपस्थिति रहन सके मात्र नेतृत्वले युवालाई संझेर मात्र हरेक निर्णय गर्न सक्छन । नेपालका प्रमुख दलहरु महाधिवेशनको तयारीमा छन । यही बेला युवाको जबर्जस्त हस्तक्षेप गरेर विधानमा व्यवस्था गर्न सकेमा केही न केही सुधार आउनेछ । कांग्रेस ,एमाले ,माओवादीले केन्द्रीय समिति सम्म युवाको हस्तक्षेपकारी प्रतिनिधित्व गराउन सकेमा नेतृत्व विकास र देश विकासमा फड्को मार्नेछ ।

# पर्वतको फलामखानीमा अर्गानिक चिया उत्पादन शुरु

रासस
पर्वत, ३० साउन

पर्वत जिल्लाको महाशिला गाउँपालिका-६ फलामखानीमा चिया उत्पादन शुरु भएको छ । धौलागिरि अञ्चलमा नै पहिलोपटक शुरु गरिएको व्यावसायिक चियाखेतीबाट तयारी चिया उत्पादन गर्न थालिएको हो ।

संरक्षणको अभावमा झण्डै एक दशकअघि लगाइएको चियाखेती अलपत्र परेको बेला महाशिला गाउँपालिकाले चियाखेती संरक्षण तथा विस्तार गर्न थालेको हो । यस वर्ष साउन महिना लागेपछि मात्रै टिपेकाले झण्डै १० किलोग्राम अर्गानिक चिया उत्पादन गर्न सकिएको फलामखानीका वडाध्यक्ष रामबहादुर सुनारले जानकारी दिनुभयो ।



इलाममा चियाको क्षेत्रमा कार्यरत नरेन्द्र सुवेदीको पहलमा यस वर्षदेखि प्रशोधन गर्न थालिएको हो । "वैशाखबाटै टिप्न शुरु गरेको भए ५० किलोग्रामभन्दा बढी उत्पादन हुने रहेछ", वडाध्यक्ष सुनारले भन्नुभयो, "ढिलो गरी टिपेका कारण पाँच/सात किलोभन्दा उत्पादन गर्न सकेनौं ।"
विसं २०६७ मा तत्कालीन जिल्ला विकास समिति पर्वतको सहयोगमा शुरु गरिएको चियाखेती लामो समय संरक्षणको अभावमा गौचरणमा परिणत भएको थियो । उचित संरक्षण र रेखदेखको अभावमा चियाखेती फस्टाउन सकेको थिएन । दुई वर्षअघिदेखि गाउँपालिकाको पहलमा गोडमेल तथा संरक्षण गर्न थालेपछि यस वर्षदेखि उत्पादन दिन शुरु गरेको सुनारले बताउनुभयो ।

साविक फलामखानी गाविसको वडा नं ४, ५, ७, ८ र ९ का दलित समुदायको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले चियाखेती शुरु गरिएको थियो । इलामको जस्तै हावापानी भएकाले यहाँ चिया खेतीको सम्भावना रहेको छ । इलाम जिल्लाको जस्तै व्यावसायिक चियाखेती विस्तार गर्ने उद्देश्यले योजना शुरु गरे पनि स्थानीयले भने कुनै चासो नदेखाएपछि समस्या भएको थियो । "दलित समुदायको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले चियाखेती शुरु गरिएको हो", महाशिला गाउँपालिकाका अध्यक्ष राजु पौडेलले भन्नुभयो, "स्थानीयवासीको बेवास्ताका कारण सोचेअनुसार फाइदा लिन सकिएको थिएन अब गाउँपालिकाले यसको संरक्षण र विस्तार गर्छ ।" एक हजार ८०० मिटरको उचाइमा रहेको साविक फलामखानी गाविसलाई चिया खेतीको पकेट क्षेत्र बनाउने गरी तत्कालीन समयमा २० हजार चियाका विरुवा रोपिएको थियो । नगदेबालीको रुपमा चिया खेतीलाई प्रवर्द्धन गर्नकै लागि पहिलो चरणमा तत्कालीन जिविस पर्वतले झण्डै ६० रोपनी क्षेत्रफलमा चियाखेतीको शुरुआत् गरेको थियो । साविक गाविसको ४ र ५ वडामा लगाएका विरुवा स्थानीयले संरक्षण नगर्दा नष्ट भए पनि वडा नं ७, ८ र ९ मा भने बिरुवा जीवितै रहेका थिए ।

फलामखानीका वडाध्यक्ष सुनारले अहिले पुराना बोट पनि राम्रो हुँदै गएको र उत्पादित चिया एकदमै स्वादिलो पाइएको बताउनुभयो । अहिले स्थानीय समुदायसमेत चिया खेतीतर्फ आकर्षित हुन थालेका छन् । यस वर्ष थप १२ हजार बिरुवा रोप्न थालिएको छ । यस वर्ष स्थानीयवासीलाई चिया उत्पादन तथा प्रशोधनसम्बन्धी तीनदिने तालिमसमेत प्रदान गरिएको छ । अब समूह बनाएर यसको विस्तारमा लाग्ने बताइएको छ । महाशिला गाउँपालिकाले विगत तीन वर्षदेखि बर्सेनि यसको विकासका लागि रकम विनियोजन गर्दै आएको छ । यस वर्ष पनि रु तीन लाख विनियोजन भएको अध्यक्ष पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँ कार्यपालिकाको बैठकले नै चियाखेतीको लागि आवश्यक यन्त्र उपकरण खरिद गर्ने, उत्पादित चिया प्रयोगशालामा परीक्षणका लागि पठाउने निर्णयसमेत गरेको छ ।

पहिलोपटक उत्पादन गरिएको अर्गानिक चिया निकै गुणस्तरको पाएको र अब परीक्षण र थप क्षेत्रमा व्यावसायिक विकासको लागि गाउँपालिकाले योजना निर्माण गरी कार्य अगाडि बढाउने गाउँपालिकाका प्रवक्ता जीवन उच्चै ठकुरीलेबताउनुभयो।फलामखानीमा चियाको व्यावसायिक विकास गर्दै लैजाने गाउँपालिकाको नीति तथा कार्यक्रमसमेत रहेको उहाँको भनाइ रहेको छ ।

# रेडक्रसद्वारा बाढीपहिरोपीडितलाई सहयोग

रासस
लमजुङ, ३० साउन

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयले यहाँका बाढीपहिरोपीडितलाई रु साढे चार लाख आर्थिक सहयोग गरेको छ ।

सो कार्यालयले नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखामार्फत दोर्दी गाउँपालिका-८ स्थित हिलेबजारका २४ घरधुरी र खिन्चोकबेँसीका छ घरधुरी गरी ३० घरधुरीलाई आज उक्त रकम सहयोग गरेको हो । दोर्दीका अध्यक्ष ओमलाल गुरुङ, सोही वडाका वडाध्यक्ष तुलबहादुर गुरुङ, रेडक्रस गण्डकी प्रदेशका कोषाध्यक्ष नारायण घिमिरे, जिल्ला सभापति दीपक बराललगायतले प्रतिपीडित परिवार रु १५ हजारका दरले हस्तान्तरण गर्नुभएको थियो ।

नेपाल रेडक्रस सोसाइटीका जिल्ला सभापति बरालले यहाँका बाढीपहिरोपीडितका लागि आवास पुनःनिर्माणमा सहयोग पुगोस् भन्ने अपेक्षाले आर्थिक सहयोग गरेको बताउनुभयो ।

# अझै एक साता मनसुन सक्रिय हुने

रासस
काठमाडौं, ३० साउन

आगामी साता देशभर मनसुन सक्रिय हुने भएको छ । मनसुन न्यून चापीय रेखा नेपालको तराई भूभाग नजिक रहेकाले आगामी एक साता देशभर मनसुन सक्रिय हुने देखिएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

विभागका वरिष्ठ मौसमविद् वरुण पौडेलका अनुसार आगामी साता देशका अधिकांश स्थानमा वर्षा हुनेछ । "वर्षा निरन्तर एकै ठाउँमा नभई फरक-फरक दिन फरक स्थानमा हुनेछ, वर्षा निरन्तर नभई केही समय घाम लाग्ने र केही समय वर्षा हुने क्रम चलिरहने छ ।" उहाँले भन्नुभयो । देशको पहाडी भूभागमा पहिरो तथा गेग्रान बहावको जोखिम रहनका साथै ठूला तथा साना नदीनाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने तथा यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकाले विभागले आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । हाल देशको प्रदेश नं १, २, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा सामान्यदेखि पूर्ण बदली रही केही स्थानहरूमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ । विभागले आइतबार देशका अधिकांश स्थानमा सामान्यदेखि पूर्ण बदली रही धैरै स्थानमा हल्कादेखि मध्यम वर्षा साथै प्रदेश नं १, २, वाग्मती, लुम्बिनी र गण्डकी प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको औँल्याएको छ ।

# मुस्ताङमा 'यार्तुन' पर्व शुरु

रासस
म्याग्दी, ३० साउन

मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा यार्तुन पर्व मनाउन शुरु भएको छ । बर्खा सकिएर हिउँद शुरु भएको सन्देश दिने यार्तुन पर्वलाई उपल्लो मुस्ताङका बासिन्दाले महत्वका साथ मनाउँछन् । कोरोना (भाइरस)को महामारीको जोखिमका कारण यस वर्ष औपचारिकरूपमा मात्रै यार्तुन मनाइहेका छन् ।

लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फेल विष्ट (राजु)ले परम्परालाई निरन्तरता दिन औपचारिकताका लागि यार्तुन मनाउन लागिएको बताउनुभयो । 'विगतका वर्षमा यार्तुनमा स्वदेशी पाहुना र पर्यटक पनि आउँथे', उहाँले भन्नुभयो, 'यसपाली कोरोनाको जोखिमलाई मध्यनजर गेरे परम्परालाई निरन्तरता मात्र दिइएको छ ।' हरेक वर्षको साउन महिनाको अन्तिम सोमबारदेखि शुरु हुने उपल्लो मुस्ताङको यार्तुन पर्व तीन दिनसम्म मनाउँछन् । रोगव्याधि नलागोस्, अनिष्ट नहोस्, अन्नबाली र व्यापार व्यवसाय राम्रो होस् भन्ने कामना गेरे यार्तुन मनाउने चलन छ । अग्रज र मान्यजनबाट आर्शिवाद लिने, नाचगान तथा घोडा धौडाएर यार्तुन मनाउने गरिन्छ । उपल्लो मुस्ताङका सांस्कृतिक राजा जिग्मे पलबल विष्ट र रानी धोर्जे याङ्जी विष्ट पछिल्लो दुई वर्षको यार्तुनमा सहभागी हुन भएको छैन ।

काठमाडौँमा रहनुभएका विष्ट दम्पती कारोनाका कारण यार्तुनमा सहभागी नहुनुभएको हो । खेतीबाली लगाउने र थन्क्याउने काम सकेपछि यार्तुन मनाउने चलन छ । यार्तुन मनाएपछि त्यहाँका बासिन्दा जाडो छल्न र घुम्ती व्यापारका लागि पहाडी तथा तराई क्षेत्रमा जाने गर्छन् । 'यार' को अर्थ बर्खा र 'तुङ'को अर्थ हिउँदको आगमन भन्ने बुझिन्छ । पहिलो, दोस्रो र तेस्रो दिन क्रमशः ज्येष्ठ नागरिक, युवा पुरुष र महिलाले घोडा दौडाउने चलन यार्तुनको विशेष आकर्षण हो । करिब ३० वर्गमिटर क्षेत्रफलको पिठोले तयार पारिएको घेराभित्र राखिने वस्तुलाई घोडा दौडाउनेले ढुङ्गाले हानेर फुटाउने चलन छ । जसले दौडिरहेको घोडा चढेर वस्तुलाई फुटाउन सक्छ, उसैलाई मुस्ताङी राजा, गाउँ मुखिया र स्थानीयले सम्मान गर्ने प्रचलन छ । यार्तुनमा गीत गाउने, नाच्ने र झाँकी देखाउने गरिन्छ । अग्रजको घरघरमा पुगेर आर्शिवाद लिन्छन् ।

# फुटबल खेलाडी शान्तालाई सहयोग हस्तान्तरण

पोखरापत्र संवाददाता
वालिङ, ३० साउन

आर्थिक अवस्था कमजोर भएकी फुटबल खेलाडी शान्ता नेपालीलाई शुक्रबार आर्थिक सहयोग गरिएको छ । नेप्लेज मिडियाको पहलमा स्वदेश तथा विदेशमा रहेका विभिन्न सङ्घ संस्था तथा व्यक्तिहरूको सहयोगमा सङ्कलित रु दुई लाख ५९ हजार शान्ता नेपालीलाई हस्तान्तरण गरिएको हो ।

वालिङ नगरपालिका-८ मा डेरामा बस्दै आएकी शान्ताको जग्गा जमिन नभएको र परिवारको आर्थिक स्थिति कमजोर भएपछि नेप्लेज मिडियाको पहलमा सङ्कलन गरिएको रकम वालिङ नगर प्रमुख दिलीपप्रताप खाँणले हस्तान्तरण गर्नुभएको हो । घरबारविहीन शान्ताको परिवारलाई वालिङ नगरपालिकाले घर निर्माणका लागि करिब पाँच आना घडेरी खरिद गरिसकेको नगरप्रमुख खाँणले बताउनुभयो ।

"खेल क्षेत्रमा गरिएको खर्च खर्च नभई लगानी हो", प्रमुख खाँणले भन्नुभयो, "यसले तत्कालभन्दा पनि केही समयपछि मात्रै उपलब्धी दिने गर्छ ।" खेलाडी तथा उसको परिवारका लागि आवश्यक सहयोग गर्न नगरपालिका सदैव तत्पर रहेको बताउनुहुँदै नगर प्रमुख खाँणले खेलाडीलाई जीवनयापनका लागि रोजगारीको अवसर र रु एक लाखसम्मको निःशुल्क स्वास्थ्य बीमाको व्यवस्थापन गरिदिने उल्लेख गर्नुभयो ।

"नगरपालिकाबाट खेल क्षेत्र तथा खेलाडीको क्षमता विकास तथा आवश्यक सहयोगका लागि पटक पटक रकम विनियोजन गर्‍यौं", नगर प्रमुख खाँणले भन्नुभयो, "तर नगरले विनियोजन गरेको रकम खर्च हुन नसक्नु दुःखद् हो ।" आर्थिक अभावका कारण ज्याला मजदुरी गर्नुपर्ने बाध्यताका कारण दैनिक फुटबल प्रशिक्षणमा सहभागी हुन समस्या भइरहेको प्रशिक्षक दिलीप थापाले बताउनुभयो । शान्ता फुटबल खेलप्रति अत्यन्तै रुचि राख्ने खेलाडी र राम्रो खेल खेल्दै आइरहेको तर घरायसी समस्याले खेल क्षेत्रबाट उदाउँदो खेलाडी गुमाउन नपरोस् भन्ने उद्देश्यले नगर प्रमुखसमक्ष गरेको अनुरोधको सुनुवाइ भएको प्रशिक्षक थापाले बताउनुभयो ।

"मलाई खेल खेल्न र अझै प्रशिक्षण लिएर राष्ट्रिय टिमबाट खेल प्रदर्शन गर्न इच्छा छ", खेलाडी शान्ताले भन्नुभयो, "आगामी दिनमा अझै जिम्मेवारी थपिएर गएको छ र मेरो सपनालाई एकदिन पक्कै पनि साकार पारेर छोड्ने छु ।" शान्ता महिला राष्ट्रिय लिगमा वालिङ नगरपालिकाको टिमबाट प्रतियोगितामा सहभागी अग्रपङ्क्तिकी खेलाडी हुन् । विभिन्न राष्ट्रिय खेलमा उनी सहभागी हुँदै आएकी छिन् ।

# लिच थेरापी प्रभावित

पोखरापत्र संवाददाता
तनहुँ, ३० साउन

जुकालाई (लिच) चुसाएर उपचार गर्ने पद्धति प्रभावित भएको छ ।

उक्त विधि अपनाएर केही बिरामीको उपचार गरेपछि राम्रो प्रभाव देखिए पनि जुका मर्दै गएकाले प्रभावित भएको हो ।

गत वर्ष तनहुँमा सरुवा भएर आएको केही समयपछि भारतको मद्रासबाट पाँचवटा जुका तीन हजारका दरले किनेर उक्त विधिबाट उपचार थालिएको थियो । दमौलीको पानीमा अत्यधिक मात्रामा चुन मिसिएका कारण जुका मर्ने गरेकाले टिकाउन नसकिएको डा मण्डलले बताउनुभयो । लिच थेरापी विधि नेपालको तुलनामा विदेशी मुलुकमा अझ बढी मात्रामा प्रयोगमा रहेको बताइएको छ । उक्त पद्धतिबाट निको भएका रोग पुनः बल्भिने सम्भावना कम हुने हुँदा प्रभावकारी देखिएको हो । एउटा जुकालाई बिरामीको समस्या भएको ठाउँबाट पाँचदेखि दश मिलिलिटर अशुद्ध रगत सेवन गराइन्छ । उहाँले भन्नुभयो, "एकजना बिरामीको बढीमा सात पटकसम्म रगत चुस्न लगाइन्छ ।"लिच थेरापीका माध्यमबाट तालु खुइलिने, मधुमेहका घाउ, हाइपरटेन्सन थ्रम्बोसिसलगायतका रोगको उपचार गर्न सकिन्छ ।

जुकाको ज्यालमा १०० भन्दा बढी यस्ता तत्व हुन्छन् जसले रगतलाई शुद्ध र पातलो बनाउने काम गर्छ । जुकाले जमेको रगत निकालेर सामान्य रक्तसञ्चार हुनसमेत सहयोग पुऱ्याउँछ ।

# निःशुल्क स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
लमजुङ, ३० साउन

जिल्ला प्रशासन कार्यालय र जिल्ला अस्पताल लमजुङको समन्वयमा जिल्ला प्रहरी कार्यालयले बेँसीशहरमा आयोजना गरेको एकदिने निःशुल्क स्वास्थ्य शिविरमा १२२ जना सुरक्षाकर्मीको परीक्षण गरिएको छ । शिविरमा ब्लडप्रेसर, सुगर, थाइराइड, भाइरल ज्वरो, रुघाखोकी, हाडजोर्नी दुख्ने समस्या, एचआईभीलगायतको जाँच गरिएको जिल्ला अस्पताल लमजुङका प्रमुख हेमन्त श्रेष्ठले बताउनुभयो ।

उहाँका अनुसार परीक्षण गरिएका अधिकांश सुरक्षाकर्मीमा भाइरल ज्वरो र रुघाखोकीको देखिएका छन् । सो अवसरमा रु २० हजार मूल्य बराबरको ल्याब जाँच र औषधि वितरण गरिएको प्रमुख श्रेष्ठले जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी नायब उपरीक्षक कृष्णबहादुर कार्कीले भन्नुभयो, "जिल्ला प्रहरी कार्यालय लमजुङ र प्रदेश प्रहरी कार्यालय पोखराबीच भएको सम्झौताअनुसार प्रत्येक आर्थिक वर्षमा कम्तीमा दुई पटक छ/छ महिनाको अन्तरालमा कम्तीमा दुईपटक प्रहरी कर्मचारीको स्वास्थ्य परीक्षण गर्ने र बिरामी भएका प्रहरी कर्मचारीलाई औषधि उपचार गर्ने सम्झौताअनुसार शिविर सञ्चालन गरेका हौं ।" शिविर उद्घाटन गर्नुहुँदै प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुइँटेलले जनताको सुरक्षामा खटिने प्रहरी कर्मचारीको समय समयमा स्वास्थ्य परीक्षण गर्न आवश्यक रहेको बताउनुभयो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : आर्थिक समस्या |
| वृष | : शत्रुको भय | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : मन चञ्चल |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।

# मुन्द्रा चढाउने डाँडा जोड्ने पदमार्ग निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, ३० साउन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ स्थित पर्यटकीयस्थल मुन्द्रा चढाउने डाँडा उक्लने पदमार्ग निर्माण भएको छ।

मुन्द्रा चढाउने डाँडाको पर्यटन विकासका लागि अन्नपूर्ण गाउँपालिकाले पदमार्ग निर्माण गरेको हो । भुरुङ-तातोपानीमा आउने पर्यटकको बसाई लम्बाउन मान्द्रेढुङ्गा हुँदै बराह गुफादेखि मुन्द्रा चढाउने डाँडासम्म जोड्ने पदमार्ग बनाएको वडा अध्यक्ष ओमप्रकाश फगामीले जानकारी दिनुभयो। "मुन्द्रा चढाउने डाँडालाई नयाँ पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गर्न पूर्वाधार बनाएका हौँ", उहाँले भन्नुभयो, "सडकका कारण पुराना पदमार्ग र पर्यटकको बसाई छोटिएकाले नयाँ गन्तव्य पहिचान गरेका छौँ ।" आर्थिक वर्ष २०७७/७८ मा गाउँपालिकाले विनियोजन गरेको रु दश लाख बजेटबाट दुई किलोमिटर ५०० मिटर पदमार्ग निर्माण भएको गाउँपालिकाका इञ्जिनियर ईश्वरबहादुर भण्डारीले बताउनुभयो । अप्ठ्यारो, उकालो र साँघुरो ठाउँमा ढुङ्गाको सिँढी तथा तेर्सो ठाउँमा माटो खनेर पदमार्ग बनाइएको छ।

पदमार्ग निर्माण भएपछि लडेर दुर्घटना हुने, बाटो अलमलिएर हराउने समस्या हटेको छ । झाडी हटाएर सरसफाइ गरिएको छ । मान्द्रेढुङ्गादेखि पाँच घण्टा पैदल हिँडेपछि मुन्द्रा चढाउने डाँडामा पुगिन्छ। पदमार्ग निर्माणका लागि करिब दुई महिना जङ्गलमै बास बसेको उपभोक्ता समितिका अध्यक्ष भक्तबहादुर कामीले बताउनुभयो। मजदूरलाई जङ्गलमै अस्थायी टहरा बनाएर राखिएको थियो । दैनिक ५० जनाको दरमा मजदुर परिचालन भएका थिए। मुन्द्रा चढाउने डाँडा समुद्री सतहदेखि तीन हजार ४०० मिटरको उचाइमा अवस्थित छ । यो बाटो भएर धौलागिरि आइसफल र आधार शिविर जान सकिन्छ । यहाँबाट धौलागिरि, नीलगिरि, अन्नपूर्ण, गुर्जा, माछापुच्छ्रे, मनास्लुलगायत २० भन्दा बढी हिमशृङ्खला, सूर्योदय, पहाडी भूगोल, नागबेली परेर बगेको कालीगण्डकी, वनजङ्गलको मनमोहक दृश्य अवलोकन गर्न सकिन्छ। खानेपानी, शौचालय र पाहुना आश्रयस्थलको आवश्यकता छ । यसैगरी प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत अन्नपूर्ण गाउँपालिकाको रु सात लाख सहयोगमा बेरोजगार युवालाई परिचालन गरेर भुरुङ-तातोपानीको सिंगारेढुङ्गादेखि मान्द्रेढुङ्गा जोड्ने पदमार्ग निर्माण भएको छ।

उपभोक्ता समितिका अध्यक्ष खड्गबहादुर गर्बुजाले १४ जना युवाले एक महिनासम्म श्रम गरेर दुई किलोमिटर पदमार्ग बनाएको बताउनुभयो । पदमार्ग निर्माण भएपछि मान्द्रेढुङ्गा र ठूलोबगरका करिब १५० घरधुरीलाई आवतजावत गर्न सहज भएको छ । मान्द्रेढुङ्गाका बासिन्दालाई ठूलोबगर हुँदै गाउँपालिकाको केन्द्र पोखरेबगर र ठूलोबगरका बासिन्दालाई वडा कार्यालय भएको मान्द्रेढुङ्गा आवतजावत गर्न सुविधा पुगेको हो। यो गाउँपालिकाको केन्द्र पोखरेबगर र वडा कार्यालय भएको मान्द्रेढुङ्गा आवतजावत गर्ने छोटो दूरीको पैदलमार्ग हो। अर्को वर्ष सिंगारेढुङ्गादेखि नागढुङ्गातर्फ जोड्ने पदमार्ग बनाएर योजनालाई पूर्णता दिने योजना रहेको वडाध्यक्ष फगामीले बताउनुभयो।

# मुलुकभर 'निषेधको आदेश'मा थप कडाइ गरिँदै

-नारायण ढुङ्गाना
काठमाडौँ, ३० साउन

काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लामा अघिल्लो साता (साउन २१-२७) मा भेला प्रशिक्षण तथा गोष्ठी अनिवार्य भर्चुअलको माध्यमबाट मात्रै आयोजना गर्ने गरी आदेश जारी भयो।

यसको अघिको आदेश हेर्ने हो भने २५ जनाभन्दा बढी सहभागी नहुने गरी कार्यक्रम गर्न सकिन्थ्यो। यही साउन २८ देखि अगामी भदौ ८ गतेसम्मका लागि जारी आदेशमा यसका अतिरिक्त राति ८ बजेभित्रमा सार्वजनिक तथा निजी सवारी गन्तव्य स्थलमा पुगिसक्नुपर्ने थप आदेश जारी भएको छ। ललितपुरका प्रमुख जिल्ला अधिकारी ढुण्डीप्रसाद निरौला भन्नुहुन्छ, "राति बीच बाटोमा अलमल गर्ने अवस्था देखियो, यसले भीडभाड बढेको पाइयो, यसलाई रोक्न ८ बजेभित्र नै गन्तव्यमा पुगिसक्नुपर्ने गरी निर्णय गरिएको हो।"

स्थानीय प्रशासनले मानवीय लापरबाहीका कारण कोभिड-१९ फैलने खतरा रहेको निष्कर्ष निकाल्दै आदेशलाई केही कडाइ गर्न थालेको हो । अन्य विभिन्न दर्जनभन्दा बढी जिल्लाले समेत कडाइ गर्दै निषेधको आदेश जारी गर्न थालिसकेको छ। गृह मन्त्रालयका प्रवक्ता फडिन्द्रमणि पोखरेल कोरोना सङ्क्रमण दरमा वृद्धि भएसँगै काठमाडौँ ललितपुर, भक्तपुरसहित झापा, इलाम, पर्सा, दाङ, बाँके, सुर्खेतलगायत जिल्लाले आदेशमा केही कडाइ गर्दै थपेको बताउनुहुन्छ । उहाँका अनुसार यसरी आंशिक वा पूर्ण रूपमा आदेश जारी गर्ने ५७ जिल्ला रहेका छन् । मुलुकभर नै निषेधाज्ञामा कडाइ गर्न थालिएको छ। कोरोनाको दोस्रो लहर सुरुआत भएलगत्तै गएको वैशाख ७ गते नै सीमित क्षेत्र तोकेर निषेधाज्ञा लगाउने पहिलो जिल्ला बाग्लुङले समेत अघिल्लो हप्ताबाट थप कडाइ गर्न थालेको छ । पछिल्ला दिनमा कोभिड-१९ को सङ्क्रमण वृद्धि हुँदै गएको निष्कर्ष निकाल्दै जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्रको सिफारिसका आधारमा यही साउन २६ गतेको निर्णयले बिहान १० बजेसम्म मात्र अत्यावश्यक सामग्री खरिद/बिक्रीका लागि समय खुला गरेको छ । उक्त जिल्लामा अन्य गतिविधिसमेत बार तोकेर सञ्चालनको अनुमति दिइएको छ। अघिल्लो साता दुई सय जना नयाँ सङ्क्रमित देखिएकामा त्यसको पछिल्लो हप्ता नयाँ सङ्क्रमित पाँच सय पुगेको थियो । त्यसैले अहिले जिल्लामा परीक्षणको दायर ासमेत बढाएर नियन्त्रणको काम तीव्र पारिएको निमित्त प्रजिअ गणेश गौतमले जानकारी दिनुभयो। बाग्लुङमा आज सक्रिय सङ्क्रमितको सङ्ख्या सात सय २० छ। दोस्रो लहरका समयमा सबैभन्दा प्रभावित भएको बाँके जिल्लामा वैशाख १३ गते निषेधाज्ञा जारी गरिएको थियो। बाँके दोस्रो लहरको कोरोना सङ्क्रमणको बेला निषेधको आदेश जारी गर्ने दोस्रो जिल्ला हो । बाँकेमा पछिल्लो समयमा कोरोनाका बिरामीसँगै अस्पतालमा बिरामीको चाप बढ्दै गएको छ । यही साउन २२ को निर्णयानुसार मानिसको भीडभाडका कारण सम्भावित तेस्रो लहरको प्रतिकार्यमा समेत बाधा पुग्नसक्ने जोखिम बढेको जनाउँदै बाँकेका प्रजिअ शिवराम गेलालले पूर्वजारी आदेशबमोजिम निषेध गरिएका गतिविधि नगर्न/नगराउन सचेत गराएको छ।

यसपछि तेस्रो नम्बरमा (वैशाख १४ गते) निषेधको आदेश जारी गर्ने सुर्खेत जिल्लामा पनि कोरोनाको सङ्क्रमण बढ्दै गएको निष्कर्ष निकाल्दै आदेशलाई केही कडाइ गर्न थालिएको छ। सुर्खेतले साउन २२ को निर्णयअनुसार जिल्लामा तरकारी, दूध, फलफूल खरिदका लागि बिहान ६ देखि ७ बजेसम्म र खाद्यान्न खरिद बिक्रीका लागि बिहान ७ देखि ८ बजेसम्मका लागि पसल खोल्न अनुमति दिएको छ।

झापा जिल्ला अझै एक कदम अघि बढेर आदेश जारी गरेको छ। साउन ३२ सम्म जारी आदेशमा अत्यावश्यक बाहेकका सवारी साधन सञ्चालनमै रोक लगाइएको छ । सरकारी तथा सार्वजनिक कार्यालयको सेवा स्थगत गरिएको छ भने अत्यावश्यक सेवा सञ्चालन गर्ने कार्यालयलाई पनि न्यूनतम कर्मचारी राखेर सेवा दिन आदेश भनिएको छ । अन्य अत्यावश्यक सामग्री ढुवानीका साधन भने समय तोकेर सञ्चालन गर्न सकिने जनाइएको छ।

चितवनमा पनि सङ्क्रमितको सङ्ख्या र सङ्क्रमण दर वृद्धि भइरहेकाले अत्यावश्यक काम नपरी बाहिर ननिस्कन स्थानीय प्रशासनले अनुरोध गरिसकेको छ । यी केही प्रतिनिधिमूलक जिल्ला हुन्। अहिले पनि मुलुकका ५७ जिल्लामा निषेधाज्ञा जारी गरी कोभिड- १९ नियन्त्रणका गतिविधि सञ्चालन भइरहेको छ । प्रायः जिल्लामा कोभिडका बिरामीको चाप बढ्दै गएको निष्कर्षका साथ त्यसको नियन्त्रणका लागि निषेधाज्ञामा कडाइ गर्न थालिएको छ । गृह मन्त्रालयका प्रवक्ता पोखरेलले कोरोना जोखिम आङ्कलन गरेरै स्वास्थ्य मन्त्रालयले पठाएको सूचनाका आधारमा गृह मन्त्रालयले बन्द रहेका देशभरका कोभिड-१९ आइसोलेशन सेन्टर, अस्पताल र शिक्षण अस्पताल पुनः सूचीकरण एवं व्यवस्थापन गर्न सबै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको बताउनुभयो । कोरोनाको पहिलो र दोस्रो लहरका बेला सूचीकृत गरिएका अस्पताललाई पुनः सूचीकरण गर्न भनिएको हो।

गृहले अद्यावधिक विवरण यकिन गरी दैनिक रूपमा विवरण पठाउन र अस्पतालको अनुगमन र सुपरिवेक्षण गर्न पनि निर्देशन दिइसकेको छ । उहाँका अनुसार केही जिल्लाले सवारी नै सञ्चालन गर्न रोक लगाएर आदेश जारी गरिसकेका छन्।

विगतको अनुभव हेर्दा निषेधको आदेशले कोभिड-१९ नियन्त्रणमा महत्वपूर्ण योगदान दिएको स्वास्थ्यविज्ञले बताउँदै आएका छन्। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारी सङ्क्रमण रोक्न निषेधको आदेश महत्वपूर्ण टुल भएको नेपालको विगतको उदाहरणले नै देखाउने बताउनुहुन्छ।

सरकारले आवश्यकता हेरी निषेधको आदेश जारी गर्ने अधिकार प्रजिअलाई नै दिएका कारण स्थानीय प्रशासनले सङ्क्रमणको अवस्थाको आधारमा आदेश कडाइ र खुकुलो बनाउँदै आएका छन्।

गृहमन्त्री बालकृष्ण खाँडले कोरोनाको तेस्रो लहर आएमा बिरामीले अस्पतालको बरन्डासमेत नपाउने अवस्था सिर्जना हुनेतर्फ मातहतका निकायको ध्यानाकर्षण गराइसक्नुभएको छ।

एक हजारदेखि दुई हजारको हाराहारीमा दैनिक सङ्क्रमण देखिँदै आएकामा पछिल्ला केही हप्तामा बढेर दुईदेखि चार हजारको हाराहारीमा सङ्क्रमित देखिन थालेका छन् । यो बीचमा एक दिनमा पाँच हजार बिरामी र एक दिन ५५ जनाको समेत मृत्यु भएको विवरण आएको थियो। दोस्रो लहर कम भएको पछिल्ला केही हप्तामा यो उच्चतम सङ्क्रमण र मृत्यु सङ्ख्या हो । शुक्रबार मात्रै ११ हजार सात सय आठ पीसीआर परीक्षणमा दुई हजार सात सय ६३ र छ हजार आठ सय ७४ एन्टिजेन परीक्षणमा एक हजार एक हजार ५२ जना गरी कूल तीन हजार नौ सय १५ जनामा सङ्क्रमण पुष्टि भएको थियो।

योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या सात लाख २८ हजार पाँच सय ३२ र एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ७४ हजार ३४ पुगेको छ। मृत्यु हुनेको सङ्ख्या अहिलेसम्म दश हजार २३९ पुगेको छ । नेपालमा सङ्क्रमणमुक्त हुने दर ९३ दशमलव ३ प्रतिशत रहेको छ । यसरी निषेधको आदेश खुकुलो बनाउँदा मानिसमा कोरोना नै हराइसकेको भन्ने सन्देश पुगेकाले समस्या बढ्दै गएको जनस्वास्थ्य विज्ञको भनाइ छ।

# बन्दीपुरको 'मिनीग्रेटवाल' प्रवर्द्धनमा जोड

-कृष्ण न्यौपाने
तनहुँ, ३० साउन

बन्दीपुर गाउँपालिका-२ स्थित थानीमाई मन्दिरबाट शुरु भई मुकुन्देश्वरी डाँडासम्म निर्माण गरिएको करीब चार किलोमिटर मिनीग्रेटवालको प्रवर्द्धनमा गाउँपालिका लागिपरेको छ।

प्राकृतिक दृश्य अवलोकन र सुन्दरताका कारण 'पहाडकी रानी' उपनामले प्रसिद्ध कमाएको बन्दीपुरमा निर्माण गरिएको 'मिनीग्रेटवाल' को प्रचारप्रसार र प्रवर्द्धनमा गाउँपालिका अग्रसर भएको हो। चीनको जस्तै झल्झल्को दिने गरी निर्माण गरिएको मिनिग्रेटवालको प्रचारप्रसार र प्रवर्द्धनका लागि सोही ठाउँमा गाउँपालिकाको कार्यपालिकाको बैठक नै आयोजना गरेको छ । मिनीग्रेटवालको प्रचारप्रसार र प्रवर्द्धन गर्दै बढीभन्दा बढी पर्यटक भित्र्याउने उद्देश्यले कार्यालयभन्दा बाहिर बैठक बसेको गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङले जानकारी दिनुभयो । 'यस्ता कार्यले यस ठाउँको प्रचारप्रसारमा सहयोग पुग्ने विश्वास लिएका छौँ', उहाँले भन्नुभयो, 'गाउँपालिकाले नयाँ-नयाँ गन्तव्य बनाउने उद्देश्य सहित यसमा लगानी गरेको छ।'

चालु आर्थिक वर्षको बजेटमा मिनीग्रेटवालका लागि रु डेढ करोड बजेट विनियोजन गरेको छ। गत वर्षदेखि निर्माण शुरु भएको मिनीग्रेटवालको निर्माण नसकिँदै यो पर्यटकको रोजाइमा पर्न थालेको छ । बन्दीपुर घुम्न आएका सबैजसोले उक्त ठाउँको बारेमा चासो लिने गरेका छन् । 'बन्दीपुरमा नयाँ-नयाँ पूर्वाधार थप गर्ने उद्देश्य बमोजिम मिनीग्रेटवाल निर्माण थालेका हौं, यसको निर्माणका लागि संघीय सरकारले पनि यो वर्ष सहयोग गरेको छ,' उपाध्यक्ष गुरुङले भन्नुभयो। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट बजेट विनियोजन भएपछि कामलाई अगाडी बढाउन सहज भएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बताउनुभयो। उहाँका अनुसार गत वर्ष एक हजार एक सय मिटर पदमार्ग निर्माण सम्पन्न भएको छ भने चालु आर्थिक वर्षमा पनि ३५ मिटर पदमार्ग निर्माण सम्पन्न भइसकेको छ। गाउँपालिकाले मिनीग्रेटवालको थप काम गर्नका लागि रु पाँच करोडको टेण्डर गरिसकेको छ । कूल साढे दुई किलोमिटर दूरी रहने मिनीग्रेटवालसँगै यहाँ थप पूर्वाधार निर्माण गर्ने योजना छ । गुरुयोजना अनुसारका पूर्वाधार निर्माणका लागि रु १९ करोड लागत इष्टमेट गरिएको छ । यहाँ थानीमाई मन्दिर, उद्यान, सेल्फी उद्यान, प्याराग्लाइडिङ गर्ने ठाउँ, ९ मिटर अग्लो बन्दीपुर लेखिएको स्तम्भ, घोडा शयर, पुष्पलाल स्मृति पार्क, मुकुन्देश्वरी पार्क लगायतका संरचना निर्माण गर्ने योजना छ। विश्वकै प्रसिद्ध ग्रेटवालको झल्को दिने गरी निर्माण गरिएको पदमार्ग पर्खालले यहाँको पर्यटन विकासमा टेवा पुग्ने विश्वास गरिएको छ। मुकुन्देश्वरी डाँडा तत्कालिन राजा मुकुन्द सेनले शासन गरेको ठाउँ हो। उक्त पदमार्गलाई पनि 'मुकुन्देश्वरी पर्खाल' को नामाकरण गरिएको छ। पदमार्ग पर्खाल तीन मिटर फराकिलो रहनेछ। बन्दीपुरमा वार्षिक रु एक लाखभन्दा बढी पर्यटक भ्रमणका लागि पुग्ने गरेका छन्। गाउँपालिकाले टुँडिखेलमा सिसाको भ्युटावर निर्माणका लागि पनि रु एक करोड ५० लाख बजेट विनियोजन गरेको छ। जमिनको सतहबाट पाँच फिट अग्लो टावर निर्माण गरेर दृश्यावलोकनको केन्द्र निर्माण गर्ने लक्ष्य राखिएको छ। उक्त केन्द्रबाट एकपटकमा १५ जनाले अवलोकन गर्न मिल्नेछ । सिसाको दृश्यावलोकन केन्द्र निर्माणका लागि करिब रु तीन करोडभन्दा बढी रकम आवश्यक पर्ने देखिएको छ । टेण्डर निकाल्नका लागि बजेटको स्रोत सुनिश्चित हुनुपर्ने भएकाले स्रोत जुटाएर मात्रै टेण्डर निकाल्न खोजिएको अध्यक्ष थापाको भनाइ छ । 'यो योजनाको बारेमा केही प्राविधिक समस्या थियो, त्यो हल भएको छ, विज्ञ समूह गठन गरेर यसको थालनी गर्ने सोच बनाएका छौं,' उहाँले भन्नुभयो। तनहुँको व्यास नगरपालिकाले बैरेनीमा जग्गा एकीकरण आयोजना सञ्चालन गर्ने भएको छ। शहरी विकास तथा भवन निर्माण विभागले आयोजना सञ्चालनका लागि स्वीकृति दिएपछि नगरपालिकाले वडा नं १० स्थित बैरेनीमा जग्गा एकीकरण आयोजना सञ्चालन गर्न लागेको हो । नगरपालिकाको महात्वाकांक्षी योजनाको रुपमा रहेको यस आयोजनालाई विभागले स्वीकृति दिएको नगरपालिकाका वरिष्ठ इञ्जिनीयर रवीन्द्रलाल मूलले जानकारी दिनुभयो । उक्त जग्गा एकीकरण आयोजना नगरसभाले पारित गरिसकेको छ । शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक नवराज प्याकुरेलको उपस्थितिमा भएको बैठकले उक्त आयोजना अगाडि बढाउने निर्णय गरेको हो। उक्त बैठकले नगरपालिकाले बुझाएको परिमार्जित मस्यौदालाई नै आयोजनाको रुपमा अध्ययन गरी काम अघि बढाउने निर्णय गरेको वरिष्ठ इञ्जिनीयर मूलले जानकारी दिनुभयो ।वडा नं १० को बैरेनीस्थित २६० रोपनी जग्गालाई एकीकृत गरी नयाँ मोडलको शहर बसाउने योजना नगरपालिकाको छ । यसअघि उक्त आयोजना वडा नं ११ को रानीगाउँमा गर्ने योजना रहेपनि रानीगाउँका बासिन्दाको तीव्र विरोधपछि बैरेनी स्थानान्तरण गरिएको थियो । बैरेनीको दुई हजार रोपनी क्षेत्रफलमध्ये पहिलो चरणमा पाइलट प्रोजेक्टको रुपमा २६० रोपनी जग्गामा एकीकृत बस्ती बसाउने योजनाअनुसार जग्गा एकीकरण गर्न लागिएको छ । जग्गा एकीकरणपछि उक्त स्थानमा कालोपत्र सडक, उचित नाली तथा ढल, खानेपानी, विद्युतीकरण, सञ्चारलगायत सबै शहरी सुविधा पुऱ्याइनेछ। जग्गा एकीकरणपछि एउटा घडेरीको क्षेत्रफल न्यूनतम तीन आना हुनेछ । तीन आनाभन्दा कम क्षेत्रफल हुने जग्गाधनीले उक्त स्थानको जग्गा एकीकरणका लागि दिएर सोही मूल्य बराबरको अन्यत्र स्थानमा जग्गा प्राप्त गर्नेछन् । संघीय सरकारले देशका केही क्षेत्रमा नयाँ शहरी योजना सञ्चालन गरिरहेको अवस्थामा व्यास नगरपालिकाले पहिलो पटक स्थानीयस्तरबाट नै जग्गा एकीकरण योजना सञ्चालन गर्न लागेको हो । उक्त योजना सफल भए भविष्यमा अन्य वडामा पनि यस्तै प्रकारको आयोजना सञ्चालन गरिने नगरपालिकाले जनाएको छ।

नगरपालिकाले वडा नं ५ मानुङकोट, वडा नं ६ शिशाघाट, वडा नं ७ नरञ्जफाँट र वडा नं १० बैरेनी क्षेत्रमा यो योजना सञ्चालन गर्ने तयारी गरेको थियो । सोही बमोजिम मानुङकोटमा जग्गा विकासका लागि अध्ययन गरिसकिएको छ । नगरपालिकाले मानुङकोटमा सार्वजनिक जग्गा, एकीकृत बस्तीको जग्गाको पहिचान गरिनुका साथै आगामी दिनमा कहाँ बस्ती निर्माण गर्ने, कहाँ बाटो बनाउने भन्ने विषयमा अध्ययन गरेको थियो । मानुङकोटको मौलिक चरित्रलाई यथावत राखी आधुनिक ढङ्गबाट विकासको अभियान सञ्चालनका लागि जग्गा विकास कार्यक्रम लागू गर्न लागिएको नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो । 'मानुङकोटका मगर समुदायले जग्गा छोड्दै जाने र बाहिरबाट आएर जग्गा किने क्रम बढ्दै गइरहेको छ', उहाँले भन्नुभयो, 'त्यसैलाई मध्यनजर गर्दै मानुङकोट जग्गालाई व्यवस्थापन गर्न खोजेका हौं ।' नगरप्रमुख न्यौपानेका अनुसार मानुङकोटमा रहेका केही सार्वजनिक जग्गालाई पनि जग्गा विकास कार्यक्रममा समावेश गरेर लगिनेछ।

# खैरेनीटार-भिमाद सडकखण्ड स्तरोन्नति सुरु

पोखरापत्र संवाददाता
दमौली, ३० साउन

तनहुँको खैरेनीटारदेखि भिमादसम्मको सडक स्तरोन्नति सुरु गरिएको छ । एमएस महालक्ष्मी हिमाली जेभी काठमाडौँले सडक फराकिलो बनाउने काम सुरु गरेको हो।

बुधबारदेखि सडक फराकिलो बनाउने काम सुरु भएको सडक डिभिजन कार्यालय दमौलीका सूचना अधिकारी इञ्जीनियर नारायण पौडेलले जानकारी दिनुभयो। "पहिलो चरणमा सडक कटिङको काम हुन्छ, त्यसपछि पुरानो कालोपत्र उप्काएर नयाँ कालोपत्र गर्ने हो", उहाँले भन्नुभयो । खैरेनीटार-भिमाद-भुमरीघाट-कावासोती सडकको शुक्लागण्डकी नगरपालिका र म्याग्दे गाउँपालिकाको पाँच किलोमिटर सडक फराकिलो बनाएर नयाँ कालोपत्र गरिने पौडेलले बताउनुभयो । रु सात करोड ४५ लाख २१ हजार लागतमा उक्त कामको ठेक्का लागेको छ । गत वैशाख १३ गते एमएस महालक्ष्मी हिमाली जेभी काठमाडौँसँग निर्माण सम्झौता गरिएको थियो । वर्षा र कोरोनाका कारण समयमै काम सुरु हुनसकेको थिएन । विसं २०७९ कात्तिक १३ गतेसम्म उक्त काम सम्पन्न गर्ने म्याद रहेको छ।

खैरेनीटार-भिमाद सडकका ठाउँठाउँमा कालोपत्र उप्किएर ठूलाठूला खाल्डा बनेका छन्। खाल्डामा वर्षाको पानी जम्दा पोखरी बनेको छ। शुक्लागण्डकी-७ स्याउलीबजार र म्याग्दे-५ थाङ्दीबाट भिमादको पुलसम्म सडकको दुरवस्था छ । कतिपय स्थानमा सडकको कालोपत्र देख्नै मुस्किल हुने अवस्थामा पुगेको छ । भिमाद नगरपालिकाको प्रवेशद्वारमा पनि सडकको हालत खराब छ।

सडक साँघुरो हुँदा दुर्घटनाको जोखिम पहिल्यैदेखि नै भए पनि अहिले ठूला-ठूला खाल्डा हुँदा झन् जोखिम बढेको स्थानीयवासी गणेश सुवेदीले बताउनुभयो । "कालोपत्र गरिएको यो सडकखण्ड छिचोल्न सवारी चालक र यात्रुलाई सास्ती छ", उहाँले भन्नुभयो, "ग्रामीण सडकमा बरु यति साह्रै सास्ती हुँदैन्थ्यो होला।"

खाल्डाखुल्डीले बाटो छिचोल्न मुस्किल भएको जनाउँदै उहाँले वर्षेनी यो सडक भत्किने समस्या रहे पनि टालटुलबाहेक दीर्घकालीन उपाय नअपनाइएको गुनासो गर्नुभयो । "वर्षेनी यस्तै समस्या आइहन्छ, यो सडकको विकल्प अरु सडक नभएकाले पनि गुणस्तरीय मर्मतमा ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो । सडकको दुरवस्थाले पानी पर्दा जलमग्न र घाम लाग्दाको बखत धुलो उड्ने समस्याले सडक आसपासका बासिन्दालाई पनि आजित बनाएको छ । यस वर्ष उच्च वर्षा हुँदा झन् ठाउँठाउँमा पहिरो खसेर जोखिम बढेको छ। कतिपय स्थानमा सडक साँघुरो हुँदा दुईतर्फी सवारी आउजाउ गर्न नमिल्ने अवस्था छ। कालोपत्र सडक छिचोल्न मुस्किल हुँदा यो बाटो हुँदै दैनिक यात्रा गर्ने यात्रु हैरान छन्।

जिल्लाको भिमाद नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिका र घिरिङ गाउँपालिकाको प्रमुख सडक यही हो । यस्तै नवलपुर, पाल्पा र स्याङ्जाका विभिन्न स्थानका सवारी तथा यात्रुसमेत यही सडक भएर आवतजावत गर्ने गर्दछन्।

# कोरोनाका बिरामीलाई आयुर्वेदिक कोरोना कीट

पोखरापत्र संवाददाता
तनहुँ, ३० साउन

जिल्ला आयुर्वे स्वास्थ्य केन्द्र तनहुँले कोरोना पोजेटिभ भएका ७०० जनालाई आयुर्वेदिक कोरोना कीट वितरण गरेको छ । कोरोनापोजेटिभभएकाबिरामीलाई आयुर्वेदिक औषधि प्रभावकारी भएकाले कार्यालयले निःशुल्करुपमा किट वितरण गरेको हो । आयुर्वेद स्वास्थ्य केन्द्रको व्यवस्थापनमा कोरोना पोजेटिभ भएर होम वा आइसोलेसनमा रहेका बिरामीलाई वितरण गरिएको कार्यालयका प्रमुख डा रामप्रबोध मण्डलले जानकारी दिनुभयो। उक्त औषधिमा गुर्जो, अश्वगन्ध, जेठी मधु, त्रिकटु, लक्ष्मीमिलासरस, संशोपलादीलगायतका जडीबुटीको समिश्रणबाट औषधि तयार गरिएको उहाँले बताउनुभयो।

बिरामी लक्षण र अवस्थाअनुरुप औषधिको मात्रामा थपघट गरिन्छ । उहाँले भन्नुभयो, "उक्त औषधि सेवन गरेका बिरामीले कोरोना जित्न सफल भएका छन्।" जिल्लामा कोरोनाको सङ्ख्या बढ्दै गएका कारण अहिले स्वास्थ्य केन्द्रमा उपचारको लागि आउने बिरामीको सङ्ख्या परीक्षण गर्ने कार्य रोकिएको छ। उनीहरूको समस्याका पहिचान गरी आयुर्वेदिक औषधि प्रदान गर्न थालिएको छ । कोरोना सङ्क्रमण बढेसँगै उपचारमा आउने बिरामीको सङ्ख्या करिब ५० प्रतिशत घटेको सो कार्यालयले छ । कोरोना हुनुअघि दिनमा ५०-६० सम्म बिरामी आउने गरे पनि अहिले मुस्किलले १५-२० को हाराहारीमा आउने गरेका छन्। उपचारको लागि तनहुँ, गोरखा, लमजुङ र कास्कीका केही भेगका मानिस आउने गर्छन्।